माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तीगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड :७ संख्याः ४ मितिः २०८०/१०/०२

भाग-

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/०९/२५

# सहकारी सञ्जाल(गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०८०

**प्रस्तावनाः-**

आत्मनिर्भर दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसाथ गर्दै माडी गाउँपालिका भित्र संचालित सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमन गर्न साथै सदस्यहरुको आर्थिक सामाजिक तथा सास्कृतिक उन्नयन गर्न सहकारीको माध्यमबाट सहकारी खती उद्योग वस्तु तथा सेवा व्यवसाय संचालन कार्य प्रभावकारी रुपले समयानुकुल अगाडी बढाउन वाञ्छनीय भएकोले माडी गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा ...... ले दिएको अधिकार प्रयोग गरी ........ औ पालिका वैठकले यो कार्यविधि बनाई जारी गरिएको छ ।

## अनुच्छेद-१
## प्रारम्भिकः

**१.संक्षिप्त नाम र प्रारम्भः** (१)यो कार्यविधिको नाम " माडी गाउँपालिकाको सहकारी संजाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि,२०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "**अध्यक्ष**" भन्नाले माडी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ख. "**उपाध्यक्ष**" भन्नाले माडी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

ग. "**गाउँपालिका**" भन्नाले माडी गाउँपालिकालाई सम्झनु पर्छ ।

घ. "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले माडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ङ. "**सचिव**" भन्नाले सहकारी संजालको सचिवलाई सम्झनु पर्छ ।

च. "**सदस्य** " भन्नाले सहकारी संजालको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले सहकारी संजालका संयोजक सह-संयोजक सचिव र सदस्यहरुलाई समेत जनाउदछ।

छ. "**सल्लाहकार समिति** " भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

ज. "**सहकारी शाखा प्रमुख**" भन्नाले गाउँपालिकाको सहकारी हेर्ने शाखाको प्रमुख कर्मचारीलाई सम्झनु पर्छ ।

झ. "**सहकारी संजाल** " भन्नाले माडी गाउँपालिकाले गठन गरेको सहकारी संजाललाई सम्झनु पर्छ ।

ञ. "**सहजिकरण समिति**" भन्नाले कार्यविधिको दफा ८ बमोजिम गठन भएको कार्यक्रम संचालन तथा सहजिकरण समितिलाई सम्झनु पर्छ ।

ट. "**सहकारी विज्ञ**" भन्नाले सहकारी क्षेत्रमा कम्तिमा पनि ८ वर्ष अनुभव प्राप्त व्यक्तिलाई सम्झनु पर्छ ।

ठ. "**कार्यपालिका** " भन्नाले माडी गाउँ-कार्यपालिकालाई सम्झनु पर्छ ।

ड. "**कार्यविधि**" भन्नाले माडी गाउँपालिकाको सहकारी संजाल (गठन तथा परिचालन सम्बन्धि) कार्यविधि २०८० लाई सम्झनु पर्छ ।

ढ. "**संयोजक**" भन्नाले सहकारी संजालको संयोजकलाई सम्झनु पर्छ ।

ण. "**सह-संयोजक**" भन्नाले सहकारी संजालको सह-संयोजकलाई सम्झनु पर्छ ।

त. "**सहकारी हेर्ने विषयगत समितिको संयोजक**" भन्नाले माडी गाउँपालिकाको सहकारी हेर्ने विषयगत समितिको संयोजकलाई सम्झनु पर्छ ।

थ. "**संरक्षक**" भन्नाले सहकारी संजालको संरक्षकलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य

**३.उद्देश्यहरुः** गाउँपालिकामा संघीय सरकारबाट हस्तान्तरण भै आएका सहकारी संस्था र गाउँपालिकाबाट दर्ता गरी कारोवार संचालन गरेका सहकारी संस्थालाई समुदायमा आधारित सदस्य केन्द्रित लोकतान्त्रिक स्वायत्त एवं स्वशासित संगठनको रुपमा संचालन गर्न र संस्थाका सदस्यहरुको आर्थिक विकासमा समेत टेवा पुर्याउन निम्नानुसारका उद्देश्य रहनेछनः

(क) सहकारी कानूनले निर्दिष्ट गरे बमोजिम सहकारी संस्थाले सहकारी मूल्य मान्यता र सिद्धान्त अनुरुप कारोवार संचालन गर्न सहयोगिको भूमिका निर्वाह गर्ने ।

(ख) गाउँपालिकाका सहकारीहरुलाई सहकारी खेती उद्योग वस्तु तथा सेवा व्यवसायको माध्यमबाट आत्मनिर्भर बन्न सहयोग पुर्याउने

(ग) संघीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरी पालिकामा संचालित सहकारीलाई आर्थिक सहयोग उपलब्ध गराउने।

(घ) सहकारी संस्थामा सुशासन कायम राख्न गाउँपालिका भित्रका सहकारीहरु बीच समन्वय र सहकार्य गर्ने ।

(ङ) गाउँपालिकाको आवश्यकताका आधारमा सहकारीको माध्यमबाट वस्तु तथा सेवाको उत्पादन प्रशोधन बजारीकरण लगायतका कार्यमा आर्थिक सहयोग उपलब्ध गराउने ।

(च) सहकारीको माध्यमबाट शित भण्डार निर्माण सहकारी पसल संचालन उद्योग वस्तु तथा सेवा व्यवसाय लगाएतका व्यवसायिक कार्यमा अभिप्रेरित गर्ने र आवश्यक परेमा पालिकासंग साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

(छ) सहकारी शिक्षाको माध्यमबाट स्थानीय नागरिकको आर्थिक सामाजिक र सांस्कृतिक उन्नयनमा टेवा पुर्याउने ।

(ज) सहकारी सम्बन्धि कार्यक्रम संचालन गर्न सहयोग पुर्याउने ।

४. **सहकारी संजालको कार्यक्षेत्रः** (१) सहकारी संजालको कार्यक्षेत्र माडी गाउँपालिकाका वडाहरुभित्र रहनेछ ।

५. **कार्यालय व्यवस्थापनः** (१) सहकारी संजालको आफ्नो कार्य संचालनको लागि एक कार्यालय रहनेछ । पत्राचार ठेगाना सम्पर्क नम्बर संजालले तोके बमोजिम हुनेछ।यसको जानकारी गाउँपालिका र सम्बन्धित निकायहरुमा समेत गराईनेछ ।

## परिच्छेद-३

## संजाल सल्लाहकार समिति र सहजिकरण समितिको गठन तथा काम कर्तव्य र अधिकार

**६.संजालको गठनः** (१) गाउँपालिका भित्र कार्यक्षेत्र रहेका र क्रियाशिल विषयगत तथा बहुउद्देश्यीय सहकारी संस्थाबाट प्रतिनिधित्व हुने गरी ११ सदस्यीय माडी गाउँपालिका स्तरीय सहकारी संजाल गठन देहाय बमोजिम गर्न सकिनेछः

(क) संयोजक - १

(ख) सह-संयोजक - १

(ग) सदस्यहरु – ८

(घ) सचिव - १

(२) संजालका पदाधिकारीहरु गाउँपालिकाका सबै क्रियाशिल सहकारी संस्थाको संचालक समितिका अध्यक्ष पदाधिकारी मध्येबाट प्रत्यक वडाबाट १ जनाको दरले निर्वाचित हुनेछन ।

(३) संजालका पदाधिकारीहरुको पदावधी ३ वर्षको हुनेछ।

(४) संजालमा संभव भएसम्म कम्तिमा ३३ प्रतिशत महिलालाई निर्वाचित गरिनेछआवश्यकतानुसार विषयगत खेलकुद विकास समितिहरु गठन गर्न सकिनेछ ।

(५) अध्यक्ष संजालको संरक्षक हुनेछ।

(६) गाउँपालिकाका सबै क्रियाशिल सहकारी संस्थाले उपदफा (१) बमोजिम संजालको गठनको लागि

प्रतिनिधि तोकी पठाउनु पर्नेछ। ती प्रतिनिधिहरुको एक निर्वाचन मण्डलबाट संजालका पदाधिकारीहरु निर्वाचित हुनेछन ।

(७) सहकारी शाखा प्रमुखले संजालको सचिवको काम गर्नेछ ।

**७.सल्लाहकार समितिः** (१) दफा ६ बमोजिम गठन भएको संजाललाई आवश्यक सरसल्लाह र सहकारी सम्बन्धमा निर्देशन तथा समन्वय गर्न तपसिल बमोजिमको सल्लाहकार समिति हुनेछः

(क) अध्यक्ष -संयोजक

(ख) उपाध्यक्ष -सह-संयोजक

(ग) सहकारी हेर्ने विषयगत समितिको संयोजक-सदस्य

(घ) जिल्ला सहकारी संघको अध्यक्ष/प्रतिनिधि -सदस्य

(ङ) सहकारी शाखा प्रमुख -सदस्य-सचिव

(२) समितिले आवश्यकतानुसार प्रमुख प्रशासकीय अधिकृत र सहकारी विज्ञलाई पनि वैठकमा निमन्त्रणा गर्नेछ ।

(३) अध्यक्षको निर्देशनमा सदस्य सचिवले वैठक बोलाउने र वैठक सम्बन्धी आवश्यक व्यवस्थापन गर्नेछ।

(४) समितिको राय सल्लाह र सुझाव गाउँपालिका सहकारी संस्था साथै सदस्यको आर्थिक उन्नतीमा केन्द्रित रहनेछ।

(५)उपदफा (४) बमोजिम सल्लाहकार समितिको सुझाव दफा ६ बमोजिम गठित सहकारी संजालको लागि मार्गदर्शक हुनेछ ।

**८. कार्यक्रम संचालन तथा सहजिकरण समितिः** (१) माडी गाउँपालिका भित्र कार्यक्षेत्र रही क्रियाशिल सहकारी संस्थाको संजाल मार्फत संचालन तपसिल बमोजिमको कार्यक्रम संचालन तथा सहजिकरण समिति गठन हुनेछ ।समितिको सहजिकरण दफा ६ बमोजिम गठित संजालको लागि मार्गदर्शक हुनेछः

(क) सहकारी शाखा प्रमुख -संयोजक

(ख) जिल्ला सहकारी संघको अध्यक्ष/प्रतिनिधि - सदस्य

(ग) विषयगत सहकारी संघको अध्यक्ष/ प्रतिनिधि (बढिमा ३ जना) – सदस्य

(घ) सहकारी संजालको संयोजक - सदस्य

(२) समितिले वैठकमा आवश्यकतानुसार सहकारी विज्ञलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

(३) विषयगत सहकारी संघको अध्यक्ष / प्रतिनिधिमा कम्तिमा १ जना महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

**९.संजालको वैठक सम्बन्धी व्यवस्थाः**

(१) संयोजकले तोकेको मिति समय र स्थानमा सचिवले संजालको वैठक बोलाउनेछ ।

(२) संयोजकको निर्देशनमा सचिवले वैठक बस्नु भन्दा कम्तिमा १ दिन अघि वैठकका विषयको जानकारी सवै सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

(३) संजालमा बहुमत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।मत बरावर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(४) संजालको वैठकको विषय र निर्णय सहकारीको मूल्य मान्यता सिद्धान्त र प्रचलित सहकारी कानून बमोजिम सहकारी संस्थाको प्रवर्द्धन विकास र सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछन ।

(५) संजालको वैठकको निर्णय पुस्तिका संयोजकले प्रमाणित गर्नेछ ।

(६) संजालको दुई वैठक विचको अन्तर तीन महिना भन्दा वढी हुने छैन ।

**१०. संजालको काम कर्तव्य र अधिकारः** संजालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दफा ३ बमोजिमको उद्देश्य प्राप्तिको लागि पालिकासंग प्रत्यक्ष रुपमा सहकार्य गरी पालिका स्तरीय सहकारीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

(ख) प्रत्येक वर्ष प्रथम चौमासिक अवधि भित्र कम्तिमा एक पटक पालिका स्तरीय सहकारी संस्थाहरुको भेला गर्ने।

(ग) पालिका भित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको लागि आवश्यक सहकारी सम्बन्धी तालिम तथा कार्यक्रम संचालन गर्न पालिका र गैर संघ संस्था तथा गैर नाफामूलक संघ संस्थासंग समन्वय र सहकार्य गर्ने ।

(घ) उपदफा ग बमोजिमका तालिम तथा कार्यक्रम तयार गरी दफा ८ बमोजिम गठित कार्यक्रम संचालन तथा सहजिकरण समिति मार्फत दफा ७ बमोजिम गठित सल्लाहकार समितिलाई जानकारी गराउने ।

(ङ) सल्लाहकार समितिको निर्देशन अनुसार तालिम तथा कार्यक्रम संचालन गर्ने ।

(च) पालिका भित्र कार्यक्षेत्र रहेका विषयगत र बहुउद्देश्यीय सहकारी संस्थाहरुको विस्तृत विवरण समावेश गरी प्रत्येक साउन महिना भित्र तथ्याङ्क सार्वजनिक गर्न ।

(छ) उपदफा च बमोजिम तथ्याङ्क संकलन गर्दा संजालले आवश्यक नमूना फारामहरु तयार गर्न सक्नेछन् ।

(ज) पालिका स्तरीय सहकारीको समग्र विकासको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव र पृष्ठपोषण गर्ने ।

**११. सेवा सुविधा सम्बन्धी व्यवस्थाः** दफा ६, ७ र ८ बमोजिम गठित सहकारी संजाल, सहकारी समिति र सहजिकरण समितिका बैठक तथा बैठकमा सहभागी पदाधिकारी साथै आमन्त्रित व्यक्तिहरुले सेवा सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## विविध

**१२.सहकारी कोषको व्यवस्थाः**

(क) गाउँपालिका भित्र कार्यक्षेत्र रहेका सहकारीको समग्र विकासको लागि सहकारी कोषको व्यवस्था गरिनेछ।

(ख पालिका प्रदेश संघीय सरकार गैरसरकारी तथा नाफामूलक संघ संस्थाबाट कोषको लागि प्राप्त रकम यसै कोषमा जम्मा हुनेछ।

(ग) कोषको संचालन सहजिकरण समितिको संयोजक र संजालको संयोजकको संयुक्त दस्तखतबाट हुनेछ।

(घ) उपदफा ख बमोजिमको कोषको रकम दफा ८ बमोजिम गठित सहजिकरण समितिको निर्णय र दफा ७ बमोजिम गठित सल्लाहकार समितिको निर्देशन अनुसार बैंकमा जम्मा गरिनेछ ।

(ङ) कोषको रकमको कारोवारको लेखा दोहोरो लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(च) उपदफा ङ बमोजिमको लेखाको लेखापरीक्षण प्रत्येक वर्ष रजिष्टार्ड लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(छ) संजालले लेखापरीक्षण प्रतिवेदन उपदफा ख बमोजिमको कोषमा रकम जम्मा गर्ने निकायहरुमा पनि पठाउनु पर्नेछ ।

**१३.सामाजिक परीक्षण गराउनेः**

(क) संजालले कार्यविधिमा उल्लेखित उद्देश्य अनुसार संजालबाट भए गरेका निर्णय र कार्यक्रम तथा तालिम सहकारीले प्राप्त गरेका सेवा र सुविधा सदस्यको सन्तुष्टिको स्तर आर्थिक कारोवार लगायतका विषयमा सामाजिक परीक्षणको प्रतिवेदन गाउँपालिकामा पेश गर्न पर्नेछ ।

(ग) उपदफा ख बमोजिम पेश भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफल गरी गाउँपालिकाले आवश्यकता अनुसार संजाललाई निर्देशन दिन सक्नेछ ।११.सदस्यहरुको काम **१४.खारेजी र बचाउः**

(क) संजालद्वारा संचालित कार्यक्रम तालिम तथा आर्थिक कारोवार गाउँपालिका र सहकारी सम्बनधी प्रचलित कानून बमोजिम व्यवस्थित हुनेछन् ।

(ख) उपदफा क बमोजिमका कार्यक्रम तालिम तथा आर्थिक कारोवारको गाउँपालिका र सहकारीका प्रचलित कानूनसंग बाझिएमा स्वतः खारेज हुनेछ ।

**आज्ञाले**
**युवराज परियार**
**प्रमुख प्रशासकीय अधिकृत**